स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापाले सन्तान जन्माएपछि महिलाको सुन्दरतामा झन् निखार आउने बताएकी छन् । विवाहपछि महिलाको जीवन अझ सबल हुने उनको धारणा रहेको थियो । नयाँ बानेश्वरमा खुलेको इन्स्टाइल ब्युटी हबको उद्घाटन गर्दै रेखाले महिलाहरू पछिल्लो समय सुन्दरताको विषयमा छोरा होस् या छोरी विवाहपछि जिन्दगी गयो भन्ने मान्यता पुरानो भइसकेको उनले बताइन् ।

**आजको विचार...**



प्रधानमन्त्रीका... (दुई पेजमा)

खगेन्द्रराज सिटौला

'पूर्ण बहादुरको सारंगी' अभिनेता विजय बरालले 'लाज शरणम'को सुटिङको दोस्रो सेड्यूल सुरु गरेका छन्। काठमाडौंको माइतीघरस्थित खाद्य गोदामबाट सुरु भएको दोस्रो चरणको सुटिङमा बरालले ज्वाइन गरेका हुन्। फिल्मको अहिलेसम्म ९५ प्रतिशत छायाँकन सकिएको छ। आगामी १४ फागुन महाशिवरात्रि प्रदर्शन मिति घोषणा गरिएको फिल्ममा मुकुन्द श्रेष्ठ, विजय बराल, प्रशान्त ताम्राकार, महेश त्रिपाठी, अर्पण थापा टिमबाट अर्जुन घिमिरे लगायतका कलाकारको अभिनय छ।



❒ वर्ष ३० ❒ अंक १२५ ❒ २०८१ मंसिर १३ गते बिहीबार 28 November 2024, Thusday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# न्यूनतम सेवा मापदण्डमा पाल्पा अस्पतालले पायो ६४ प्रतिशत

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १२/न्युनतम सेवा मापदण्डको आधारमा जिल्ला अस्पताल पाल्पाले ६४ प्रतिशत अंक प्राप्त गरेको छ । विभिन्न सूचकका आधारमा मापन गरिँदा अस्पताललले सो अंक पाएको हो । यो विगतको तुलनामा सुधारोन्मुख अंक हो । अघिल्लो वर्षको मापन अनुसार ५४ प्रतिशत रहेकोमा अहिले १० प्रतिशत बढेको हो । २०२१ मा गरिएको मूल्याङ्कनमा अस्पतालले ४४ प्रतिशत अंक पाएको थियो ।

अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा, सरसफाइ, वहिरङ्ग सेवा, इमर्जेन्सी सेवा, प्रयोगशाला, फार्मेसी, व्यवस्थापन लगायतका विषयलाई मुख्य आधार मानेर न्यूनतम सेवा मापदण्ड र सम्पादनका आधारमा अस्पताललले यस वर्ष कुल ६४ अङ्क प्राप्त गरेको हो । लुम्बिनी प्रदेश सरकार स्वास्थ्य निर्देशनालयले मापन गरेको विभिन्न सुचकका आधारमा अस्पताललले सो अंक प्राप्त गरेको हो । पाल्पा अस्पतालको आयोजनामा बुधबार तानसेनमा भएको न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रम अन्तर्गत पाल्पा अस्पतालको अनुगमन मूल्याङ्कन तथा समिक्षा कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका डा. अक्षुत शर्मा न्यौपानेले उक्त तथ्याङ्क प्रस्तुत गरेका थिए । उनले गत वर्षका केही सीमाहरुलाई फलो गरेका कारण १० प्रतिशत अंक सुधार भएको बताए । न्यौपानेले नतिजामा सुधार देखिए पनि अझै धेरै काम गर्न बाँकी रहेको उल्लेख गरे । उनले अस्पतालको आफ्नै अप्रेसन मेसिन हुनुपर्ने, इलेक्ट्रोनिक हाजिरी राख्नुपर्ने, नागरिक बडापत्र स्पष्ट देखिने गरी राख्नुपर्ने, कामको डकुमेसन गर्नुपर्ने, स्वास्थ्यका सूचकमा रहेर काम गर्नुपर्ने, सामाजिक परीक्षण गर्नुपर्ने, फिजियो थेरापीको सेवा विस्तार लगायतका विषयहरुका ध्यान दिनुपर्ने बताए । कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले विगतका वर्षमा भन्दा पाल्पा अस्पतालको सेवामा सुधार हुँदै गएको बताए । उनले आगामी दिनमा अझै अस्पतालको सेवालाई थप गुणस्तर र सहज बनाउँदै लैजान अस्पतालाई आग्रह गरे । मन्त्री सारुले स्वास्थ्यका मापदण्डहरुलाई पालना गरेर काम गर्न सके स्वास्थ्यमा व्यापक सुधार गर्न सकिने बताए । उनले सेवाग्राहीहरुलाई मुस्कानसहितको सेवा प्रवाह गर्न अस्पतालाका स्वास्थ्यकर्मीहरुलाई निर्देशन समेत दिए । मन्त्री सारुले भने ' अस्पताल आउने विरामीहरुलाई मुसुक्क हाँसेर सेवा दिनुहोस्, त्यसले अस्पतालप्रति विश्वास जागेर आउन्छ ।' उनले अवाञ्छित कार्य गर्ने जो कोही कर्मचारीलाई तत्काल कारवाही गरिने समेत बताए । मन्त्री सारुले अस्पतालको जग्गा विवादको विषय छिट्टै मिल्ने भन्दै त्यसका लागि आफु प्रतिवद्ध भएर लागेको उल्लेख गरे । मन्त्री सारुले अस्पतालको ओटीको लागि प्रदेश सरकारबाट ५० लाख बजेट विनियोजन गरेको समेत बताए । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले अस्पताल भवनको जग्गा व्यवस्थापनमा आफु गम्भीर भएर लाग्ने बताए । कार्यक्रममा पूर्व सांसद यादवबहादुर रायमाझी, नेपाली काँग्रेसका प्रतिनिधि तथा युवा नेता सुरेश बोहोरा, नेकपा माओवादीका जिल्ला अध्यक्ष राजेन्द्र विक, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना लगायतले अस्पतालको सेवालाई थप चुस्त र प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिए । उनीहरुले स्वास्थ्य संवेदनशील विषय भएकाले अस्पतालको विकासमा आफुहरुको सहयोग सधैव रहने बताए । अस्पताल विकास समितिका अध्यक्ष गुराँस आत्रेयले मूल्याङ्कनमा आफुहरु कमजोर भए पनि मानविय र सेवा प्रवाहमा उत्तम बन्न स्वास्थ्यकर्मीहरुलाई आग्रह गरे । आफ्नो जिम्मेवारी जे हो त्यही गरेमा अवश्य सफलता प्राप्त हुने उनको भनाई छ । अध्यक्ष आत्रेयले छिट्टै भवन निर्माणका लागि जग्गाको व्यवस्थापन गर्ने गरी आफुहरुले काम गरेको बताए । कार्यक्रममा अस्पतालकी निमित्त मेसु डा. लोकरन्त ज्ञवालीले अस्पतालले गरेका गतिविधि र भावी योजना प्रस्तुत गरेकी थिइन । अस्पतालमा कार्यरत डाक्टर, स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन समिति र सरोकारवाला निकायको महत्वपूर्ण भूमिकाका कारण विगतमा भन्दा केही सुधारको नतिजा आएको उनले बताईन् । ज्ञवालीले अस्पतालले दिने सेवामा कुनै कमी हुन नदिन अस्पतालमा कार्यरत सम्पूर्ण टिम नै निरन्तर लागिरहेको बताइन् । स्वास्थ्य निर्देशनालयको एमएसएस फोकल पर्सन अस्मिता नेपालले एमएसएस सम्बन्धी जानकारी गराएकी थिइन् । अस्पताल विकास समितिका अध्यक्ष आत्रेयको अध्यक्षता, नर्स विभाग प्रमुख लक्ष्मी जिसीको सञ्चालनमा कार्यक्रम भएको थियो ।



## संक्षिप्त समाचार

### युद्ध विराम पछि बेरुतका बासिन्दा घर फर्के

**(रासस/एएफपी)**

**बेरुत(लेबनान)**मंसिर १०/युद्धविराम लागू भए पछि द्वन्द्वका कारण क्षति भएको बेरुतको दक्षिणी उपनगरबाट विस्थापित बासिन्दाहरू बुधबार घर फर्केका छन् । लामो समय पछि भएको युद्ध विराम कार्यन्वयनका लागि धेरैले हिजबुल्लाहको प्रशंसा गर्दै 'विजय' उत्सव समेत मनाएका छन् । पछिल्लो समयमा इजरायलले दिनहु जसो आक्रमण गर्दा धेरै हदसम्म खाली भएको उक्त आवासीय क्षेत्रमा विस्थापितहरु एकै चोटी फर्किदा भीडभाड भई ट्राफिक जामसमेत भएको एएफपीले जनाइएको छ । विस्थापितहरु आफ्नो क्षतिग्रस्त घर र व्यवसाय देखेर आँसु बगाउदै उत्खननकर्ताहरूको सहयोगमा भग्नावशेष हटाउनका लागि पर्खिरहेका थिए । स्थानीय इन्जिनियर निजाम हमादेले आफ्नो घरतर्फ फर्किंदै हमलामा मृत्यु भएका हिजबुल्लाह नेता सैयद हसन नसरुल्लाहको उपनगरमा फर्किदा उनीहरूलाई धन्यवाद दिँदै फर्किएको एएफपीले जनाएको छ ।

# विद्यालय खेलकुद संघ पाल्पा गठन, अध्यक्षमा खत्री



**पाल्पा,** मंसिर १२/नेपाल विद्यालय खेलकुद संघ पाल्पा गठन भएको छ । नेपाल विद्यालय खेलकुद महासंघको सिफारिस र पाल्पा जिल्ला खेलकुद विकास समितिको रोहवरमा संघ गठन भएको हो ।

प्याब्सन तानसेनका निवर्तमान अध्यक्ष तथा पाल्पा प्यारागन इंग्लिस बोर्डिङ स्कुलका प्रिन्सिपल गंगा बहादुर खत्रीको नेतृत्वमा संघ गठन गरिएको जिल्ला खेलकुद विकास समिति पाल्पाका कार्यालय प्रमुख खुमबहादुर वयम्बुद्वारा जारी पत्रमा उल्लेख छ । संघको अध्यक्ष बनेका खत्री लामो समयदेखि पाल्पामा रहेर विभिन्न शैक्षिक, सामाजिक संघ संस्थामा सक्रिय छन् । यस अघि प्याब्सन पाल्पाको कोषाध्यक्ष र प्याब्सन तानसेन नगरको अध्यक्षाको जिम्मेवारी कुसलतापूर्वक निर्वाह गरि सकेका उनले संघमा अध्यक्षको जिम्मेवारी पाएसँगै एनजेडीसँगको कुराकानीमा विद्यालयस्तरबाट खेलाडी उत्पादन र खेलकुदको विकासमा समर्पित भएर लाग्ने बताएका छन् । खत्रीले भने 'विद्यालयस्तरमा खेलकुद क्षेत्रलाई चलायमान बनाई दक्ष खेलाडी उत्पादन गर्ने दिशामा मेरो नेतृत्व लाग्ने छ ।' खत्रीको नेतृत्वमा ११ सदस्यी समिति गठन भएको छ । जसको उपाध्यक्षमा मानबहादुर कुंवर, अर्का उपाध्यक्ष मेघराज भण्डारी, सचिवमा निराजन विक्रम कार्की, कोषाध्यक्ष शुसिला गोदार रहेका छन् । यस्तै सदस्यहरुमा धनबहादुर खाम्चा, निर्मल न्योपाने,उमेश गाहा, यम बहादुर रास्कोटी, हेम बहादुर सारु, गम्भीर सारु चयन भएको जिल्ला खेलकुद विकास समिति पालपाले जनाएको छ ।

# रामपुरमा जेसिसको सम्भाव्यता अध्ययन गर्दैं पाल्पा जेसिज

**पाल्पा,** मंसिर १२/पाल्पा जेसिजले रामपुरमा जेसीसको सम्भाव्यता अध्ययन थालेको छ । उसले रामपुर जेसिसको आवश्यकता र सम्भाव्यताको लागि रामपुर पुगेर अध्ययन थालेको हो ।

जेसिजले रामपुरमा स्थापना हुन लागेको रामपुर जेसिसको आवश्यकता र सम्भाव्यताका लागि सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरिएको जेसिजले जनाएको छ । छलफल तथा अन्तर्क्रियामा सहभागीहरुले अहिलेको अवस्थामा जेसिजको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरेका छन् । कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बाल



कुमारी थापाले समग्र समाजको सकारात्मक विकास र युवाहरुको नेतृत्व विकासका लागि जेसिस महत्वपूर्ण प्लेटफर्म रहेको बताईन् । व्यक्तिगत विकास मात्र नभई समग्र समाजको विकासमा लाग्न जेसिज माध्यम बन्न सक्ने उनको भनाई थियो । उपप्रमुख थापाले जेसिसको माध्यमबाट नगरको समृद्धिमा लाग्नु पर्ने भन्दै जेसिजको महत्व बुझेर लाग्न युवाहरुलाई अनुरोध समेत गरिन् । हरेक तहका सरकारको सुशासनका लागि सकारात्मक रुपमा खबरदारी गर्नु पर्ने जिम्मेवारी युवाहरुको रहेको भन्दै समुन्नत र अनुशासित समाजको आवश्यकता रहेको उनले औँल्याइन् ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहकारी र हाम्रो राजनीति

सहकारी प्रकरणले नयाँ–नयाँ रुप लिई रहेका छन् । सहकारी ठगी प्रकरणमा अनुसन्धानमै रहेका पूर्व गृहमन्त्री एवं रास्वपाका सभापति रवि लामिछाने र उनका समर्थकहरुले प्रहरीदेखि न्यायालयसम्मलाई छक्याउँन खोजे पनि दिनप्रति दिन रविको संलग्नतामा थप पुष्टिहरु देखा पर्न थालेका छन् । विगतमा रविले प्रयोग गरेका अमेरिकी पासपोर्ट र नेपाली नागरिकताका कीर्ते कागजातले गर्दा उनी कारवाहीको दायरामा परेका घटना र हाल आएर सहकारी ठगी प्रकरणको समूहगत सहभागिताका ज्वलन्त प्रमाणहरु दिन दिननै देखा पर्न थालेको छन् । सहकारीबाट लिएको ऋणको साँवा र व्याज बुझाउँनका लागि बैंकबाट चेक काटेका धेरै प्रमाणहरु फेला परे पछि रविका आजसम्मका सबै बयानहरु असत्य सावित भएका छन् । उनी बाघको स्वरमा गर्जेका गर्जनहरुले झुठलाई सत्य सावित गर्न सक्ने अवस्था देखिदैन् ।

सहकारी प्रकरण र सहकारी अभियानका विषयमा चर्चा चुली रहँदा देशभरका प्रायः सबैदलका नेताहरु संस्थागत रुपमा कुनै न कुनै सहकारीमा संलग्न नभएको कमै छ । संलग्न हुँदाका बखत आर्थिक नियमन र लगानी तथा असुलीका मूलधारहरु कहि न कही, केही न केही रुपमा धमिलिएका घटना धेरै छन् । स्थानीय, प्रदेश र संघीय संरचनामा सवैधानिक व्यवस्थालाई मूलआधार बनाएर निर्माण भएको सहकारी ऐन २०७४ र नियमावलीहरु २०७५, ले नेपालको संविधान धारा २९६ को उपधारा (१) व्यवस्थापिका संसदबाट यो ऐन जारी भए पछिका दिनहरु सहकारी संस्थाप्रतिको दायित्वबोधमा कमी आउने अवस्थासम्म लग्ने काम भयो । नेपालका राजनैतिक दलहरु जनताको विश्वास र सहभागितालाई देखाएर ऐन कानूनलाई अप्रत्यक्ष रुपमा आफ्ना अनुकुलतामा प्रयोग गर्ने काम कमी बेसी जहाँबाट भयो आज रवि र जिवी अनि छवि काण्ड पनि यसैका उपज नै हुन भन्ने अवस्था छ ।

आज रविले कुनै अमूक व्यवसायिक फर्ममा लगानी गरेका थिए भने, उनी जस्तै देशभरका हजारौ नेता र कार्यकर्ताले जग्गा र अन्य व्यवसायमा लगानी गरेका घटनाहरु धेरै छन् । यी सबै घटना सहकारी ऐन विपरित नभएका भए मुलुकले सहकारी अभियानको नौलो रुप लोकतन्त्रको आर्थिक जग बलियो वनाउँने खालको हुने थियो तर त्यसो भएन । जे होस, ऐन कानून र वित्तीय क्षेत्रका हरेक क्रियाकलपाहरु पारदर्शी र सदस्यमूखी हुनुपर्ने काममा सरकारको फितलो अनुगमन र संस्थाका सदस्यहरुको गैरजिम्मेवार क्रियाकलाप नै बाधक हुन् । त्यस कारण कडा कानून, अनि कानूनी राज्यको अवधारणा अनुरुपका सहकारी अभियन्ताहरुको छनौट, आर्थिक मितव्यायिताका सवालहरुमा सबैको ध्यान जान जरुरी छ । अन्यथा यी समस्याहरुले हाम्रो आर्थिक समृद्धिको परिकल्पनालाई साकार हुन रोक्ने बाहेक केही पनि हुन सक्दैन ।

## Opinion @ Social Network

म हैसियत र औकात सोध्ने मान्छेलाई होइन
ब्यबहार र संस्कार सोध्ने मान्छेलाई इज्जत गर्छु ।
*(टोप आलेको फेसबुक स्टाटस https://www.facebook.com/Top.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रधानमन्त्रीको चीन भ्रमणको अपेक्षा र अवस्था



खगेन्द्रराज सिटौला

नेपालका प्रधानमन्त्री केपीशर्मा ओलीले छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गर्ने मिति सार्वजनिक भएको छ। प्रधानमन्त्री केपी वलीको पहिलाको चीन भ्रमण सफल र चर्चित थियो । चर्चित मात्र होइन ऐतिहासिक पनि भयो । किनभने नेपालले मधेसी दलहरुको आन्दोलनको आवरणमा दक्षिणको छिमेकी भारतले नेपालमाथि अन्यायपूर्ण नाकाबन्दी लगाएको थियो । त्यस्तो पृष्ठभूमिमा नेपालका प्रधानमन्त्री केपीशर्मा ओलीको चीनको भ्रमण भएको थियो । त्यही भ्रमणको अवसरमा नेपाल र चीनको बीचमा ऐतिहासिक पारवहन सम्झौता भएको थियो ।

निश्चय नै यो ऐतिहासिक नै थियो । यसले नेपाललाई उत्तर छिमेकमार्फत समुद्रसम्म जोडेको थियो। वास्तवमा यो पारवहन सम्झौताले राजा महेन्द्रको पालामा खोलिएको कोदारी अर्थात अरनिको राजमार्गलाई तन्काएर समुद्रसम्म पुऱ्याएको थियो । अझ अगाडि बढेर भन्दा नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको उत्तरतिर रास्ता खोल्ने नीतिको निरन्तरता भन्दा पनि हुन्छ । यसपाली प्रधानमन्त्रीको चीन भ्रमण चर्चित नहुने मात्र होइन लज्जित नहुने संकेत देखिँदैन । अहिलेसम्म सत्तारुढ दलमा चीनमा के एजेण्डा लिएर जाने सवालमा सहमति भएको समाचार बाहिर आएको छैन । बरु असहमति भएका विषय बाहिर आइरहेका छन् । राजा महेन्द्रले कोदारी राजमार्ग चीनको सहयोगमा बनाउन लाग्दा त्यसको बिरोध गर्ने नेपाली कांग्रेस त्यो भन्दा माथि उठ्न सकेको देखिएन । भारतबाट ऋण लिएर विकास गर्दा हुन्छ, जापान, युरोप, अमेरिका, एसियाली विकास वैंक वा विश्व बैंक जहाबाट पनि ऋण लिंदा हुन्छ तर चीनबाट अनुदान मात्रै चाहिन्छ भन्ने नेपाली कांग्रेसको यो कस्ता हठ हो ? बीआरआई कार्यक्रममा नेपालले सम्झौता गरिसकेको छ । नेपालले भूराजनीति सन्तुलनको सम्वेदनशीलतालाई गहिरो र महत्वको साथ लिनु पर्दछ । नेपालले आफ्नो हितलाई हेर्दा छिमेकीको अहित सोच्नु हुँदैन । छिमेकीको सुरक्षा संवेदनशीलतालाई गम्भीर रुपमा लिनुपर्दछ । छिमेकीले दिन चाहेको विकास सहयोगमाथि अनावश्यक राजनीति गर्नु पनि हुँदैन । जो बिआरआईमा भइरहेको छ ।अहिले चीनले बीआरआई नेपालमा लागू गर्न केही उदार र केही आक्रमक र केही चलाख भएर आउनु पर्दछ । चीनको बीआरआईलाई नेपालमा जसरी पनि रोक्न चाहने शक्तिलाई र उनीहरुको षड्यन्त्रलाई परास्त गर्न चीनले यसो गर्नै पर्दछ ।

अहिले नेपाललाई चीनको बीआरआईसँग सबै किसिमले जोडिनु पर्दछ। यो नेपालको हितमा छ । नेपालले चीनबाट सहयोग र अनुदानको अपेक्षा स्वभाविक नै छ ।

*नेपालले भूराजनीति सन्तुलनको सम्वेदनशीलतालाई गहिरो र महत्वको साथ लिनु पर्दछ । नेपालले आफ्नो हितलाई हेर्दा छिमेकीको अहित सोच्नु हुँदैन । छिमेकीको सुरक्षा सवेदनशीलतालाई गम्भीर रुपमा लिनुपर्दछ । छिमेकीले दिन चाहेको विकास सहयोगमाथि अनावश्यक राजनीति गर्नु पनि हुँदैन । जो बिआरआईमा भइरहेको छ ।अहिले चीनले बीआरआई नेपालमा लागू गर्न केही उदार र केही आक्रमक र केही चलाख भएर आउनु पर्दछ । चीनको बीआरआईलाई नेपालमा जसरी पनि रोक्न चाहने शक्तिलाई र उनीहरुको षड्यन्त्रलाई परास्त गर्न चीनले यसो गर्नै पर्दछ । अहिले नेपाललाई चीनको बीआरआईसँग सबै किसिमले जोडिनु पर्दछ। यो नेपालको हितमा छ । नेपालले चीनबाट सहयोग र अनुदानको अपेक्षा स्वभाविक नै छ । विगतमा पनि छिमेकी मित्रराष्ट्र चीनले नेपाललाई धेरै आयोजनामा सहयोग अनुदान दिएको पनि थियो । तर सबै र सधैं यो सम्भव छैन र यस्तो मात्र अपेक्षा राख्नु हुँदैन । एकथरीले चीनको ऋण पासो भनेर कुप्रचार गरिरहेका छन् । जबकि चीनको ऋणको व्याजदर अरुको तुलनामा महँगो छैन । यो चीनलाई अझ चीनको बीआरआई रोक्ने षड्यन्त्रको एउटा पाटो बाहेक केही पनि होइन । नेपालले भूराजनीति सन्तुलनको सम्वेदनशीलतालाई गहिरो र महत्वको साथ लिनु पर्दछ । नेपालले आफ्नो हितलाई हेर्दा छिमेकीको अहित सोच्नु हुँदैन । छिमेकीको सुरक्षा सवेदनशीलतालाई गम्भीर रुपमा लिनुपर्दछ । छिमेकीले दिन चाहेको विकास सहयोगमाथि अनावश्यक राजनीति गर्नु पनि हुँदैन । जो बिआरआईमा भइरहेको छ । अहिले चीनले बीआरआई नेपालमा लागू गर्न केही उदार र केही आक्रमक र केही चलाख भएर आउनु पर्दछ । चीनको बीआरआईलाई नेपालमा जसरी पनि रोक्न चाहने शक्तिलाई र उनीहरुको षड्यन्त्रलाई परास्त गर्न चीनले यसो गर्नै पर्दछ ।*

विगतमा पनि छिमेकी मित्रराष्ट्र चीनले नेपाललाई धेरै आयोजनामा सहयोग अनुदान दिएको पनि थियो । तर सबै र सधैं यो सम्भव छैन र यस्तो मात्र अपेक्षा राख्नु हुँदैन । एकथरीले चीनको ऋण पासो भनेर कुप्रचार गरिरहेका छन् । जबकि चीनको ऋणको व्याजदर अरुको तुलनामा महँगो छैन । यो चीनलाई अझ चीनको बीआरआई रोक्ने षड्यन्त्रको एउटा पाटो बाहेक केही पनि होइन । नेपालले भूराजनीति सन्तुलनको सम्वेदनशीलतालाई गहिरो र महत्वको साथ लिनु पर्दछ ।

नेपालले आफ्नो हितलाई हेर्दा छिमेकीको अहित सोच्नु हुँदैन । छिमेकीको सुरक्षा संवेदनशीलतालाई गम्भीर रुपमा लिनुपर्दछ । छिमेकीले दिन चाहेको विकास सहयोगमाथि अनावश्यक राजनीति गर्नु पनि हुँदैन । जो बिआरआईमा भइरहेको छ । अहिले चीनले बीआरआई नेपालमा लागू गर्न केही उदार र केही आक्रमक र केही चलाख भएर आउनु पर्दछ । चीनको बीआरआईलाई नेपालमा जसरी पनि रोक्न चाहने शक्तिलाई र उनीहरुको षड्यन्त्रलाई परास्त गर्न चीनले यसो गर्नै पर्दछ । अहिले नेपालमा बीआरआई अनुदानमा मात्रै लिने भनेर जुन स्वर नेपाली कांग्रेस र उ निकट बुद्धिजिबीले, पत्रकारले चर्को स्वरमा उरालेका छन् । वास्तवमा यो उनीहरुको स्वर होइन यो भारत र पश्चिमाको हो। चीनले पनि यो बुझेको छ । त्यसैले चीनले चलाखीकोसाथ नेपालमा बीआरआई कार्यन्वयनमा लैजानु पर्दछ ।

चीनले नेपालसँग बीआरआई प्रारम्भमा अनुदानबाटै अघि बढाउने प्रस्तावमा सहमति जनाउँदै पोखरा बिमानस्थल बनाउँदाको ऋणलाई सर्त सहित अनुदानमा परिणत गर्नेमा सहमतिमा जानुपर्दछ । नेपालले राखेको पोखरा बिमानस्थल बनाउँदाको ऋण अनुदानमा परिणत गर्ने प्रस्तावलाई चीनले स्वीकार्दै उक्त परियोजना बीआरआई अन्तर्गत भएको नेपालले स्वीकार्नुपर्ने प्रस्ताव राख्नु पर्दछ । साथै चीनले नेपालको अर्को एक परियोजना अनुदानमा बिआरआई अन्तर्गत बनाइदिने घोषणा पनि गर्नु पर्दछ । यसले गर्दा चीन बिआरआइ लिएर नेपालमा छिर्न सक्छ र नेपालमा बिआरआई सकृय हुन्छ । र बीआरआई रोक्न खोज्ने शक्ति पनि परास्त हुन्छ । भविश्यमा नेपालमा विआरआई अन्तर्गत सस्तो ऋणमा पनि नेपालले परियोजनामा चीनसँग सहकार्य गर्नसक्छ । नेपालमा बिआरआई कार्यन्वयन गर्ने यो उत्तम विकल्प हुनसक्छ । नेपालले चीनको यो प्रस्ताव पनि मानेन भने नेपाली जनताले यीनको असली चेहरा उतारिदिने छन् ।

प्रधानमन्त्री केपी ओलीले नेपाल चीन सम्बन्धलाई उच्च महत्व दिनुपर्दछ। नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहले चीनसँग बलियो सम्बन्ध बनाइरहनु भन्ने नीति विचार आफ्नो भाषणमार्फत चीनका नेताहरुलाई सुनाउनु पर्दछ । र नेपाल यही नीतिमाथि दृढ भएर उभिएर नेपाल चीन सम्बन्धलाई उचाइमा लैजान दृढ संकल्प छ भनेर भन्नु पर्दछ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : चोटपटकको भय छ सचेत रहनुहोला, तर पनि शुभ कार्यको थालनी हुनेछ ।
**वृष** : मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ ।
**मिथुन** : मनोरञ्जन पूर्वक दिन बित्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ ।
**कर्कट** : सामाजिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ।
**सिंह** : प्रेममा मनमुटाव आउनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ ।
**कन्या** : आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ।
**तुला** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ।
**बृश्चिक** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ ।
**धनु** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला, कुनै कुराले मन प्रसन्न रहला।
**मकर** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।
**कुम्भ** : प्रयत्न गरे फाइदा लिन सकिनेछ। साथीभाइसँग समय बित्नेछ ।
**मीन** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।




नीति कथा

# विगतलाई धिक्कार्दै मृत्युको प्रतिक्षा



मानिसलाई ढाँट्न सकिए पनि भगवानलाई सकिन्न । जति नै गोप्य तरिकाले ढाँटेको भए पनि भगवानले थाहा पाएर हिसाब किताब राखेका हुन्छन् र मौका आउनासाथ हिसाब राफसाफ गर्न लगाउँछन् । भाइबहिनीहरूका जानकारीका लागि यहाँ यसैसम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो कुनै एक पहाडमा एक जना सज्जन बस्थे । उनको नाम अनुसारको स्वभाव थिएन । नाम त राम्रो थियो तर स्वभाव भने धूर्त र छलछामको थियो । देख्न त सज्जन नै देखिन्थे, सज्जनकै अभिनय गर्थे तर मनमा भने ठगी र धुर्त्याइँकै योजना बुनिरहेका हुन्थे । यस्तैमा एक दिन उनको मनमा ठगीको नयाँ योजना फुऱ्यो र पहाडबाट पहिरोमा झरेको एउटा कलात्मक ढुङ्गालाई अलौकिक देवमूर्तिको संज्ञा दिएर प्रचार गर्न लागे । प्रचारको क्रममा आफैं उत्पन्न भएको गणेशको मूर्ति पनि भने, यसलाई मन्दिर बनाएर स्थापन गर्नुपर्छ पनि भने । गाउँलेहरू सिधासाधा थिए उनको चिप्लो बोलीमा सहजै विश्वास गर्थे । यहाँ पनि त्यस्तै भयो । उनले भन्नासाथ आपसी श्रमदानबाट भव्य मन्दिर बनाएर मूर्तिलाई स्थापित गरिदिए । त्यसपछि मन्दिरमा नित्य पूजा र आरती हुनुपर्छ भन्दै आफूले आफैंलाई पुजारी नियुक्त गरी बसे । बिस्तारै मन्दिरको प्रचार बढ्दै गयो । भक्तजनहरू आफैं प्रकट भएका गणेश भगवान् भन्थे गाउँ छिमेक मात्र नभई वरपरका गाउँबाट समेत दर्शन गर्न आउन थाले । भक्तजनको भीड लाग्न थालेपछि मुलुकका उच्चस्तरीय प्रशासकहरू ठुलठुला नेताहरूसमेत दर्शन गर्न आउन थाले । फलत: चाँडै नै सो मन्दिरले भव्य धार्मिक स्थलको रूपमा प्रसिद्धि पायो । मन्दिरको आम्दानी त यसै पनि बढ्दै गएको थियो त्यसमाथि उनले विकासको योजनाहरू देखाएर सरकारी बजेटसमेत हत्याउन थाले तर प्राप्त रकम भने सबै आफ्नै ढुकुटीमा जम्मा गर्ने गर्थे । मन्दिरलाई देखाएर सम्पत्ति त कमाए तर सार्वजनिक हितमा भने एक पैसा पनि लगाएनन् । केही समयपछि उनी नराम्ररी बिरामी परे । जानेबुझेजति औषधी उपचार गराए तर केही लागेन । जब उनी सहरको कुनै अस्पतालमा जँचाउन गए तब थाहा पाए उनलाई क्यान्सर रोग लागेर निकै फैलिसकेको रहेछ । यसपछि उनी रुन कराउन लागे । जब असह्य पीडा हुन थाल्यो त्यसपछि भगवान्लाई गाली गर्न थाले । हरेक कुराको सीमा हुन्छ । यहाँ पनि त्यस्तै भयो । जब गालीले सीमा नाघ्यो तब भगवान्ले एक रात सपनामा आएर भने 'पुजारी भाइ' कुन मुखले मलाई गाली गर्दैछौ भन त ? मन्दिरको नाममा सम्पत्ति त कमायौ तर सदुपयोग भने गरेनौ । न भोका नाङ्गालाई एक गाँस खान दियौ न दु:खमा परेकालाई एक रात बास बस्नसम्म दियौ । उल्टै मन्दिर कसैको बिर्ता होइन भन्थ्यौ शरणमा आउनेलाई गलत्याएर निकाल्ने गर्थ्यौ । मानिसहरू स्कुलका लागि सहयोग माग्न आउँथे तिमी यो काम सरकारको हो भन्दै पन्छाउने गर्थ्यौ । मन्दिरको सम्पत्ति सबैको हो । सबैका भएपछि सर्वहितमा लगाउनुपर्नेमा आफ्नै निजी ढुकुटीमा जम्मा गर्ने गर्थ्यौ ।

पुजारीको खोल ओडेर गाउँका बालबालिकादेखि एकल महिलासम्मको शोषण गर्न बाँकी राखेनौ । कसैले विरोध गरे बदनामीको डर देखाएर चुप लगाउने गर्थ्यौं । अहिले त्यसैको फल पाएका हौ । त्यति ठूलो पाप गरेर पनि मलाई गाली गर्ने हिम्मत कसरी गऱ्यौ ? जे भएको छ ठीक भएको छ । जस्तो कर्म गरेका थियौ त्यस्तै फल पाएका हौ । यति भनेर भगवान् अलप भए । उनको निद्रा खुल्यो तर सपनामा दृष्य भने अहिले पनि आँखाकै अगाडि नाचिरहेको थियो । बल्ल उनको होस आयो तर त्यतिबेलासम्म निकै अबेर भइसकेको थियो । त्यसपछि उनी आफ्नो विगतलाई धिक्कार्दै मृत्युको प्रतीक्षा गर्न लागे । लामो समयसम्म असह्य पीडा सहेर त्यो जीवन बिताए तर सुख भने त्यसपछि पनि पाएनन् । उनको रोगी शरीरले छाडेको भए पनि कर्मको संस्कारले भने छाडेको थिएन र नरक कुण्डमा गएर भोग गर्न थाले । धेरै पहिलेदेखि सुन्दै र पढ्दै आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर अरूलाई ठग्दै हिँड्नेले एक दिन प्रकृतिको तर्फबाट दण्डित हुनुपर्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१. चलचित्र पत्रकारिता सम्मान-२०७४ बाट सम्मानित हुने सञ्चारकर्मी को हुन् ?
**उत्तर:** सञ्चारकर्मी डा. नवराज लम्साल

२. प्रकाशको किरण एक माध्यमबाट अर्को माध्यममा प्रवेश गर्दा बाङ्गिने वा दिशा परिवर्तन हुने प्रक्रियालाई के भनिन्छ ?
**उत्तर:** प्रकाशको आवर्तन

३. प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरण छुट्याउने प्रक्रियालाई के भनिन्छ ?
**उत्तर:** प्रकाश विच्छेदन

४. प्रति सेकेण्डमा उत्पन्न हुने जम्मा तरङ्गको सङ्ख्यालाई के भनिन्छ ?
**उत्तर:** लाइका नामक कुकुर (सन् १९५७)

५. चन्द्रमामा सर्वप्रथम पाइला राख्ने व्यक्ति को हुन् ?
**उत्तर:** आवृत्ति (Frequnecncy)

६. औंसीदेखि पूर्णिमासम्मको समयावधिलाई के भनिन्छ ?
**उत्तर:** सन् १९७४ मे

७. २०७४ सालमा प्रदान गरिने युगकवि सिद्धिचरण पुरस्कारबाट सम्मानित हुने स्रष्टा को हुन् ?
**उत्तर:** शुक्ल पक्ष (Bright Half)

८. नेपालमा कानुन दिवस कहिले मनाइन्छ ?
**उत्तर:** बैशाख २६

९. नेपालमा सर्वप्रथम जनगणना लिने संस्था कुन हो ?
**उत्तर:** नेन्सस गोश्वारा

१०. कुन-कुन जनगणनामा नेपालको जनसङ्ख्या वृचिदर ऋणात्मक थियो ?
**उत्तर:** तेस्रो र चौथो

*-साभार : प्रशासन डटकम*

निबन्ध ● ज्ञानेन्द्र विवश

# भेटिँदाका खुसीहरू



कुनै खास व्यक्तिसँगको भेटघाटले मानिसभित्र सहानुभूति, प्रेम र दया जस्ता भावना जागृत गराउँछ । यस्तो संवेदनशीलता मानिसलाई आफ्नो र अरूको भावना बुझ्न सक्षम बनाउँछ । जीवनका मार्गमा यात्रा गरिरहँदा केही भेटघाटहरूले कहिलेकाहीँ फदयमा विशेष स्थान बनाउँछन् । मानिसहरू, स्थानहरू, र क्षणहरू हाम्रो यात्रा र सम्झनाका अभिन्न अंश बनिदिन्छन् । यसलाई हामी भेटिँदाका खुशीहरूका रूपमा महसुस गर्छौं । जहाँ मिलनका पलहरूसँगै खुशियालीपूर्ण उमङ्गका उल्लासहरू प्रकट हुन्छन् । हामीले जीवनका क्रममा विभिन्न व्यक्तिहरूलाई भेट्छौं । ती भेटहरू केही पल मात्रका लागि हुन्छन् । केही भेटहरू भने जीवनभरका लागि साथै रहन्छन् । ती भेटघाटहरूमा खुशी, सम्झना, र कहिलेकाहीँ गहिरो सम्बन्धको बीजारोपण हुन्छ । उदाहरणका लागि हामीले यात्रामा भेटेका र भेटिएका परिचित, अपरिचित मानिस । पारिवारिक जमघटमा भेटिएका आफन्तहरूबीचको आत्मीयता र भावना जीवनमा सधैँ ताजै रहन्छ । यी खुशीहरू साना कुराहरूमा लुकेका हुन्छन् । कहिले सानो सहयोगको रूपमा, कहिले अनपेक्षित भेटमा । दुई अपरिचितबीचको आत्मीयता, साना कुरामा देखिने मनमोहक मुस्कान, वा एउटै विचारको साझा उत्सव यी सबै आत्मीय भेटघाटका प्रेमपूर्ण हिस्सा हुन् । वास्तवमा जब हामी यस्ता अवसरलाई अँगाल्न पुग्छौं । सुखद अनुभूति गर्न सिक्छौं । त्यसपछि जीवन झनै समृद्ध लाग्छ । आफैंलाई मायाको असीम खुशीले म्वाइ खान आउँछ । आफ्नो र अरूको जीवनप्रतिको माया साक्षात्कार हुन्छ । यसरी भेटिँदाका खुशीहरूले जीवनलाई नयाँ ऊर्जा र प्रेरणा दिन्छन् । जसले जीवनको यात्रा अझै रमाइलो र स्मरणीय बनाउँछ । जीवनका केही क्षणहरू यस्ता हुन्छन्, जहाँ शब्दहरूले अभिव्यक्त गर्न नसक्ने गहिरो भावनाहरू प्रकट हुन्छन् । तिनैमध्येका एक भेटिँदाका खुशीहरू हुन् । कसैसँग लामो समयपछि भेट हुँदा, पुराना सम्झनाहरू फेरि ताजा हुन पुग्छन् । ती पलहरूले विगतका ती अमूल्य क्षणहरूलाई वर्तमानमा ल्याउँछन्, जसले मनमा अपार आनन्द र ऊर्जा थपिदिन्छ । मानिसको जीवन यात्रामा कैयौं जटिल मोडहरू आउँछन्, जहाँ खुशी कहिलेकाहीँ टाढाजस्तो लाग्छ । ती क्षणहरूमा कुनै प्रियजनसँगको अप्रत्याशित भेटजस्तो हुन्छ । सानो हाँसोको अंश, वा तिनले सुनाएको कुनै दन्त्यकथाजस्तो लाग्न सक्छ । तिनले जीवनलाई फेरि उज्यालो बनाउन सक्षम हुन्छ । साथै, विगत सम्झाउने स्मृति-दंश जस्तै तिनले पुराना दिनतिर हामीलाई फर्काउँछन् । यस्तो भेट केवल शारीरिक उपस्थिति मात्र होइन र हुँदैन । बरु यो आत्माहरूको एकअर्कासँगको संवाद हो । जहाँ मन, भावना, र विश्वासको आदान-प्रदान हुन्छ । भेटिँदाका खुशी केवल खुशीमा सीमित हुँदैनन् । तिनीहरूले जीवनलाई नयाँ अर्थ दिन्छन् । र, अलग्ग उचाइमा पुर्याउँछन् । कुनै साथी, आफन्त, वा विशिष्ट व्यक्तिसँग भेट हुँदा ती पलहरूमा विगतको सान्दर्भिकता र वर्तमानको महत्त्व बुझ्न पाइन्छ । साथै भविष्यको योजना बुन्न मद्दत गर्छ । भेटिँदाका खुशीहरूमा हार्दिकताले अँगालो मार्दा अनुभूत हुने न्यानो स्पर्श मात्रैले पनि हामीलाई हामी कति महत्त्वपूर्ण छौं भन्ने याद गराउँछ । हामीले आफ्नो प्रियजनको लागि कति महत्त्व राख्छौं भन्ने कुरा । समयले धेरै कुरा परिवर्तन गर्छ, तर सम्बन्धहरूले मानिसलाई फेरि जोड्छ । धेरैपटक, लामो दूरीले टाढिएका सम्बन्धहरू भेटका केही क्षणले फेरि नजिक्याउँछन् । ती पलहरूले फदयलाई माया र सामीप्यको महसुस गराउँछन् । ती आँशु, हाँसो, र सन्दर्भहरू जीवनको मिठास बुझ्नका लागि पर्याप्त हुन्छन् । भेटिँदाका खुशीहरू साँचो अर्थमा जीवनका सौन्दर्य हुन् । तिनले हामीलाई हाँसो र खुशीका साथ हार्दिक भाव सम्प्रेषण गरिरहन प्रेरित गर्छन् । तिनले हामीलाई जीवन जति कठोर भए पनि सानातिना खुशीहरू सधैं हाम्रो वरिपरि छन् भनी सम्झाउँछन् । तिनीहरू केवल हाम्रो आँखाबाट गुमनाम भएका हुन्छन् । ती भेटका क्षणहरूले मात्रै हामीलाई जीवनको सार बुझ्न र नयाँ अध्याय शुरु गर्न प्रेरित गर्छन् । यी खुशीहरूले मानवीय संवेदनालाई नजिकैबाट महसुस गर्न र जीवनको अर्थलाई नयाँ दृष्टिकोणबाट बुझ्न मद्दत गर्छ । त्यसैले, भेटका हरेक पललाई विशेष बनाउनुपर्छ, किनभने ती पलहरूले हामीलाई सधैंभरि सम्झनाका तस्बिरजस्तै जीवनमा अड्याइराख्छन् । फलत: हाम्रा हरेक प्रगतिपथमा सहयोगी भएर रहन्छन् । खुशीहरू अनेक किसिमले प्राप्त हुन्छन् । कहिलेकाहीँ सानो दु:खले ठूलो खुशी मिल्न सक्छ । कहिलेकाहीँ जतिसुकै कठिनाइ झेल्दा पनि खुशीहरू भेट्न मुस्किल हुन्छ । एकप्रकारले हम्मेहैरानी नै हुन्छ खुशीको महसुस गर्नका लागि । त्यही खुशी पाउन हामी अनेकौं प्रयत्न गर्छौं । एकप्रकारले हामीले जीवनभरि गर्ने सैर्ष खुशी प्राप्तिकै निम्ति हो । कहिलेकाहीँ कसैसँग भेट्दा अपार आनन्दले मन खुशीमा रमाउन पुग्छ । क्रमश: विगत सम्झेर एकअर्कामा खुशीका मुर्छनाहरूमा डुब्न पुगिन्छ । वास्तवमा भेटिँदाका खुशीहरू मानवीय संवेदनाका अत्यन्त मिठा पलहरू हुन् । जसले जीवनलाई नजिकैबाट बुझ्न, बुझाउन र जीवनको महत्त्व खुशीको अर्थलाई अर्थ्याउन मद्दत गर्छ । भेटघाट र त्यसबाट प्राप्त हुने खुशीहरूको जीवनमा महत्त्वपूर्ण भूमिका हुन्छ । ती खुशीहरूले मानिसको मानसिक र सामाजिक जीवनमा सकारात्मक प्रभाव पार्छन् । अत: जीवनमा भेटघाट र खुशीहरूको सम्बन्ध तथा त्यसले पार्ने असरहरू उल्लेखनीय हुन्छ । प्रथमत: भेटघाट, भलाकुसारीले आपसी सम्बन्धलाई सुमधुर र प्रगाढ पार्छ । सामाजिक सम्बन्ध सुदृढ हुन्छ । हामी कोही पनि गमक्क परेर, ठुस्स भएर वा रीसराग साँचेर मित्रतालाई घात गर्नु कदापि पनि सुहाउँदैन । जीवनमा भएका भेटघाटले मित्रता, पारिवारिक सम्बन्ध र व्यावसायिक सम्बन्धलाई गहिरो बनाउँछ । यस्तो सम्बन्धले एकआपसमा विश्वास, सहयोग र सहकार्यको भावना बलियो बनाउँछ । मानसिक स्वास्थ्यमा समेत भेटिएको भेटको खुशीले सकारात्मक प्रभाव पार्न सक्छ । किनभने सकारात्मक भेटघाटहरूले तनाव कम गर्न र खुशीको स्तर बढाउन मद्दत गर्छ । नयाँ व्यक्ति वा पुराना साथीहरूसँग भेट्दा सिर्जना हुने हाँसो र खुशीले शरीरमा एन्डोर्फिन जस्तै हार्मोनको उत्पादनलाई प्रोत्साहित गर्छ, जसले तनाव कम गर्छ । त्यसैगरी यादगार अनुभवको सिर्जना गर्नु भेटिएको भेटको पहिलो काम हो । वस्तुत: भेटघाटबाट सिर्जित खुशीले जीवनभरका लागि यादगार अनुभव बनाउँछ । ती पलहरूले दु:खको समयमा प्रेरणा र साहस दिन सक्छन् । भेटघाटले केवल क्षणिक खुशी मात्र दिँदैन । जीवनको उद्देश्य र अर्थ खोज्न मद्दत पुर्याउँछ । जीवनलाई अर्थपूर्ण बनाउने क्षमताको विकास गराउँछ । अन्तत: नयाँ विचार र अनुभवहरूलाई साट्न सकिन्छ । यसले व्यक्ति विकासमा समेत नजानिँदो किसिमले योगदान पुर्याउँछ । वास्तवमा कुनै पनि भेटले सकारात्मक प्रभाव पार्ने गर्छ । साथै हाम्रो दैनिक जीवनमा उत्साहको सञ्चार गराउन ठूलो भूमिका खेल्छ । जीवनमा कुनै विशेष भेटघाट वा अवसर हुन्छ, त्यो घटनाले दैनिक जीवनलाई ताजगी र नयाँपन दिन सक्छ । त्यसैले भेटघाटहरूले मानिसलाई आत्मविश्वासी र प्रेरित बनाउन मद्दत गर्छ । समकालीन जीवन शैली यसरी व्यतीत हुँदै गइरहेको छ कि मानवीयपन मर्दै गइरहेको छ । आपसी भेटभलाकुसारी र संवेदनशीलताको विकास न्यून हुँदै गइरहेको छ । हिजोआजका मानिस बच्चादेखि नै एक्ला-एक्लै रमाउने बानी विकसित हुँदै आइरहेको छ । गाउँले जनजीवनमा सञ्चोबिसञ्चो, माया, श्रद्धा, सम्मान, सत्कारको संस्कृति समृद्ध थियो । शहरमा त्यो बिरानो थियो । अब त आधुनिक प्रविधिको तीव्र विकासले मानिसमा सम्बन्धको साइनो पनि कुनै दिन मर्ला कि भन्ने डर छ । कुनै खास व्यक्तिसँगको भेटघाटले मानिसभित्र सहानुभूति, प्रेम र दया जस्ता भावना जागृत गराउँछ ।यस्तो संवेदनशीलता मानिसलाई आफ्नो र अरूको भावना बुझ्न सक्षम बनाउँछ । जीवनमा भेटघाटले खुशी, आशा, र प्रेरणाको स्रोत प्रदान गर्छ । यसले मानिसहरूलाई सामाजिक, मानसिक, र भावनात्मक रूपमा स्वस्थ राख्न मद्दत गर्छ । खुशीका यी पलहरूले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छन् र जीवनलाई अझ रमाइलो र अर्थपूर्ण बनाउँछन् ।*-साहित्यपोस्ट डटकम*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु




**पाल्पा,** मंसिर १२/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, मोरङ र झापामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको हो ।

कपिलवस्तुको यसोधरा गाउँपालिका-७ सोमढीहस्थित सडकमा मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.५५ प ३७३४ नम्बरको मोटरसाइकल र युपि ५५ एके ३५७५ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा लु.५५ प ३७३४ नम्बरको मोटरसाइकल चालक यसोधरा गाउँपालिका-८ सिंहखोर बस्ने ३१ वर्षीय सब्दान हुसेन चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका युपि ५५ एके ३५७५ नम्बरको मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै झापाको शिवसताक्षी नगरपालिका-१ कमलपुलस्थित सडकमा बोलेरो पिकअप र मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । प्रदेश १-०१-००१ च ८२२१ नम्बरको बोलेरो पिकअप र मे.६ प २५१४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बुधबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-८ बस्ने ४० वर्षीय ललित बहादुर थापाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै मोरङ, बुढिगंगा गाउँपालिका-५ गाउँपालिकाको भवन नजिक सडकमा साइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटना हुँदा साइकलयात्री सोही गाउँपालिका-५ बस्ने २५ वर्षीय जलेश्वर सरदारको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराट टिचिङ अस्पताल गंगाचोकमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोरङकै सुन्दरहरैंचा नगरपालिका-१० बागझोडास्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । प्र.१-०२-०४६ प ३२१२ नम्बरको सोही नगरपालिका-१० बस्ने ६४ वर्षीया सीता गुरागाईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको नोबेल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# रामपुरमा डेंगी रोग सम्बन्धी सचेतना

**पाल्पा(रामपुर),** मंसिर १२/जिल्लाको रामपुरमा डेंगी रोगसम्बन्धी सचेतनाका कार्यक्रम गरिएको छ । साविकको रामपुर गाविसका महिला स्वयंमसेविकाहरुलाई डेंगी रोग रोकथाम सम्बन्धी सचेतना प्रदान गरिएको हो ।

नेपाल रेडक्रस सोसाईटी उपशाखा रामपुरको आयोजनामा एक दिने डेंगी रोग संक्रमण तथा रोकथाम सम्बन्धी सचेतनासँगै खोज र नष्ट गर अभियान कार्यक्रम गरिएको जनाइएको छ । महिला स्वयंमसेविकाहरुलाई रोगबारे जानकारी गराए घर परिवार र गाउँमा समेत चाँडो जानकारी प्रवाह हुने भन्दै उनीहरुलाई डेंगीबारे जानकारी र बच्ने उपायहरुबारे सिकाइएको हो । कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले पछिल्लो केही वर्ष यता डेंगी रोगको संक्रमण बढ्दो अवस्थामा रहेकाले यसको नियन्त्रणका लागि सबै सचेत हुन आवश्यक रहेको बताइन् ।



सामान्य हेलचक्र्याईका कारण डेंगीको संक्रमण बढ्ने र ज्यानै समेत लिन सक्ने भएकाले सचेतना अपनाउनु पर्ने धारणा व्यक्त गरिन् । छिटो र सरल तरिकाले प्रत्येकको घर-घरमा डेंगी सम्बन्धी सचेतना फैलाउन महिला स्वयमसेविकाको महत्वपूर्ण भूमिका हुने उपप्रमुख थापाको भनाई छ । कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी पाल्पाका पूर्व सभापति देवराज ढकालले हरेक नागरिकका घरको डाक्टर महिला स्वास्थ्य स्वयमसेविका भएकाले डेंगीको नियन्त्रण र मानिसको ज्यान जाने जोखिमबाट बचाउन लामखुट्टेको बासस्थान नष्ट गर्न सचेत गराउनु पर्ने बताए । कार्यक्रममा रामपुर अस्पतालका डाक्टर सुनिल कुमार दासले डेंगी लाग्न नदिन लामखुट्टेको टोकाईबाट बच्नुको विकल्प नभएको बताए । एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाईबाट सर्ने सरुवा रोग डेंगी भएकाले घर आगन, छरछिमेक, विद्यालयहरुमा पानी जम्ने खाल्डा खुल्डी पुर्ने, फुलदानीको पानी हप्तै पिच्छे बदल्ने, पानी जम्न नदिने जस्ता कुराहरुमा ध्यान दिनु यसबाट बच्ने उपाय भएको उनको भनाई छ । कार्यक्रममा डेंगीको संक्रमण ,यसको प्रभाव,नियन्त्रण तथा बच्ने उपाय लगाएतका विषयमा सहजिकरण गरिएको थियो । रेडक्रस रामपुरका सभापति मनोरथ भट्टराईको अध्यक्षता, रेडक्रस जिल्ला शाखाका उपमन्त्री कमलराज भट्टराईको स्वागत, उपशाखा रामपुरका कोषाध्यक्ष दुर्गा प्रसाद भट्टराईको धन्यवाद ज्ञापन र सचिव तिलबहादुर श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# म्यानचेस्टर सिटी र फेएनोर्डको बराबरी खेल



**काठमाडौं,** मंसिर १२/युरोपेली च्याम्पियन्स लिग फुटबलमा म्यानचेस्टर सिटी र फेएनोर्डले बराबरी खेलेका छन् । बुधबार भएको खेलमा सिटी र फेएनोर्डले ३-३ गोलको बराबरी खेलेका हुन् । बुधबार भएका अरु खेलमा बार्सिलोनाले ब्रिस्टलाई ३-० ले हराएको छ । त्यस्तै बार्यन म्युनिखसँग पेरिस सेन्ट जर्मेइन (पीएसजी) १-० ले पराजित भएको छ ।

इन्टर मिलानले आरबी लाइपजिगलाई १ -० ले हराउँदा योङ्ग ब्वाइज एटालान्टासँग ६-१ ले पराजित भएको छ । त्यस्तै लेभेरकुसेनले आरबी साल्जबर्गलाई ५-० ले तथा आर्सनलले स्पोर्टिङलाई ५-१ ले हराएका छन् । यस्तै हिजो भएको पहिलो खेलमा एसी मिलानले स्लोभान ब्राटिस्लाभालाई ३-२ ले र एथ्लेटिको मड्रिडले स्पार्टा प्राहालाई ६-० ले पराजित गरेका थिए । च्याम्पियन्स लिगमा इन्टर मिलान १३ अङ्कका साथ तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । यस्तै बार्सिलोना दोस्रो र लिभरपुल तेस्रो स्थानमा छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# गुल्मीमा धान उत्पादन बढ्यो



**गुल्मी,** मंसिर १२/जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएको छ । गत वर्ष २४ हजार चार सय २६ मेट्रिक टन धान उत्पादन भएकोमा यस वर्ष २५ हजार एक सय ४३ मेट्रिक टन धान फलेको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालका अनुसार जिल्लामा धान उत्पादनमा वृद्धि भए पनि धानखेती गरिएको क्षेत्रफल भने यो वर्ष घटेको छ । गत वर्ष सात हजार चार सय ३९ हेक्टरमा धानखेती गरिएकोमा यो वर्ष सात हजार दुई सय ८८ हेक्टरमा त्यो सीमित रह्यो । समयमा वर्षा, उन्नत तथा हाइब्रिड बीउको प्रयोग, यान्त्रिकीकरण र समयमा रासायनिक मलको उपलब्धताले उत्पादन बढेको हो । गत वर्षभन्दा यस वर्ष बर्खे धान उत्पादनमा भने १४ प्रतिशतले कमी आएको छ । यस वर्ष बर्खे धान एक हजार दुई सय ८६ मेट्रिक टन र हिउँदे धान २४ हजार ४३ मेट्रिक टन उत्पादन भएको छ । जिल्लाका इस्माको चौरासी, सत्यवतीको जोहाङ, उर्लीखोला कालीगण्डकीको अर्बेनी, कनौटा, छापचौर, सत्यवतीको जुहार खैरेनी, अस्लेवा, चन्द्रकोटको मजुवा, रुपाकोट फाँट धान उत्पादनका निम्ति उर्वर मानिन्छन् ।

मुसिकोट नगरपालिकाको तल्लाफाँट, इन्द्रेगौडा, बडीगाढको सुदी खोलाको आसपासका क्षेत्र, मालिका गाउँपालिकाको सिमलटारी, फूलबारी, मदानेको सिर्सेनी, धुर्कोटको छल्दी र पनाहा फाँट, गुल्मी दरबारको गरमटारी, छत्रकोटको खर्ज्याङ, मनबागलगायत फाँटमा पनि अधिक धान उत्पादन हुने गरेको छ । यहाँ हंसराज, झोत्री, काठे, भिनुवा, सानोभट्टे, ठूलोभट्टे, कोडे, मँडियारे, रातो मार्सी र मार्सीलगायत जातका धान उत्पादन हुँदै आएको छ ।

*-रासस*

# रामपुरमा जेसिसको...

...रामपुरमा स्थापना हुन लागेको रामपुर जेसिससँग सहकार्य गरेर नगरको विकासमा लाग्ने बताउँदै थापाले स्थानीय सरकार अविभावकको रुपमा रहने प्रतिवद्धता समेत व्यक्त गरिन् । नेपाल जेसिसका राष्ट्रिय उपाध्यक्ष गणेश सापकोटाले युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै स्थान र युवाले गरेका गतिविधिलाई चिनाउन जेसिसले महत्वपूर्ण भूमिका खेल्ने बताए । युवाहरुलाई उद्यमी र व्यवसायी बन्न सिकाई समाजको विकाससँगै नेतृत्व गर्न जेसिसले सिकाउने भएकाले जेसिस स्थापना गर्नु पर्ने आवश्यकता रहेको उनले उल्लेख गरे । सापकोटोले प्रस्तावित रामपुर जेसिसलाई चाँडै नै रामपुर जेसिस बनाउने बताए । कार्यक्रममा नेपाली काँग्रेस रामपुरका उपसभापति ज्ञान प्रसाद भण्डारीले जेसिस समाजको नेतृत्वसँगै विकासको संवाहक बन्नु पर्ने बताए । वडा नं. ६ का वडा अध्यक्ष दिवाकर देवकोटाले समय र उमेरसँगै हरेक युवाहरुको मस्तिष्कको विकास हुन जरुरी रहेको भन्दै समय सापेक्ष विकासमा लाग्न अनुरोध गरे । कार्यक्रममा वडा नं.५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले पछिल्लो समय युवाहरुमा नकारात्मक प्रभावसँगै हरेक क्षेत्रमा वितृष्णा पैदा भएको भन्दै सकारात्मक सोँच र प्रवृत्तिको विकासका लागि जेसिसले भूमिका खेल्न आवश्यक रहेको रुऔँल्याए । यस्तै गल्याङ जेसिस वर्ष २०२४ का अध्यक्ष खगेन्द्र भण्डारीले सम्भावित रामपुरलाई जेसिसको स्विकृति प्रदान गर्न आवश्यक रहेको भन्दै रामपुर जेसिसका अध्यक्ष शंकर बहादुर खाँणलाई जेसिसको पिन हस्तान्तरण गरे ।

पाल्पा जेसिस वर्ष २०२४ का अध्यक्ष अर्जुन कार्कीले व्यक्तित्व, नेतृत्व र उद्यमशिलताको विकासका लागि जेसिस महत्वपूर्ण संस्था रहेको बताए । कार्यक्रममा सहभागीलाई स्वागत गर्दै सम्भावित रामपुर जेसीसका अध्यक्ष शंकर बहादुर खाँणले सुशासन र समुन्नत रामपुर बनाउने अभियानका लागि जेसिस स्थापना गर्न लागिएको बताए । पाल्पा जेसिस वर्ष २०२४ का अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता, प्रस्तावित रामपुर जेसिसका अध्यक्ष शंकर बहादुर खाँणको स्वागत, महासचिव सुमन पछाईको सञ्चालनमा कार्यक्रम भएको हो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई